# गाउंलेहरु

रातदिन कुटोकुम्लो गर्ने गाउंलेहरु
जति जोताए पनि मुस्काउने गाउंलेहरु
भोकभोकै बगेका पसिना सुकाउनेहरु
मन भरीको दु:ख आफैभित्र लुकाउनेहरु
तर पनि भोलीको मिठो आशमा रमाएकाहरु
एक्कैछीन आनन्दले हातगोडा फिंजाएकाहरु
आज अलपत्र यत्र तत्र छरीएका छन्
कति त माटो मुनी त्यसै पुरीएका छन् ॥

मास्न सक्नेले शुरुमै जङ्गल मासे
पशु पंक्षी अनि वन्य जन्तु विनाशे
अहिले हेर गाउंलेहरु मासीदै छन्
एक पछि अर्को गाउं निसास्सीदै छन् ॥

अन्तरिक्षमा घुम्दै मार्ग खोज्नेहरु
मङ्गल ग्रहमा पनि पुग्न खोज्नेहरु
यहां मङ्गल ग्रह पुग्नुभन्दा कति गाह्रो छ
नवैवटा ग्रह चढनुभन्दा कति साह्रो छ
आफू जन्मेको गाउं पुग्नलाई
आफू हुर्केको आंगन टेक्नलाई
भोकै भए पनि हातगोडा फिजाउनलाई
निष्फीकी पसीनाले शरीर भिजाउनलाई ॥

निराशा छ गाउंलेसंग अब आशा छैन
मेलापातमा रमाउने पिरतीको भाषा छैन
पसीना छ गाउंलेसंग गाउंको खेत बांझो छ
विस्तारीत परीवार अब सास धान्न गाह्रो छ
तरुल भ्याकुर खोतलुं भने आफ्नो गाउं छैन
अलपत्र शहरको पेटीमा, भीख मागेको हैन
बोल्दै बोल्दैन गाउंले खाली मनभित्र रुन्छ
गाउंलेले बोले पनि अब कसले पो सुन्छ ॥

राकेश कार्की
विन्डसर विश्वविद्यालय, क्यानाडा